# अधिकारको मतदाता बिल

## ★ तपाईंसँग निम्न अधिकार छन् ★

1. **तपाईं दर्ता गरिएको मतदाता हुनुहुन्छ भने मतदान गर्ने अधिकार।** निम्न अवस्थामा तपाईं मतदान गर्नका लागि योग्य हुनुहुन्छ:

   - ★ क्यालिफोर्नियामा बसोबास गर्ने संयुक्त राज्य अमेरिकाको नागरिक
   - ★ कम्तीमा 18 वर्ष पुगेको
   - ★ तपाईं हाल बसोबास गर्ने स्थानमै मतदानका लागि नाम दर्ता गराएको
   - ★ हाल फौजदारी अभियोगमा राज्य वा सङ्घीय कारागारमा थुनामा नरहेको र
   - ★ अदालतको निर्णयअनुसार मतदान गर्नका लागि मानसिक रूपमा अयोग्य ठहर नगरिएको

2. **तपाईं दर्ता गरिएको मतदाता हुनुहुन्छ भने मतदाता सूचीमा तपाईंको नाम नभएका खण्डमा पनि मतदान गर्न पाउने अधिकार।**
   तपाईं अस्थायी मतपत्र प्रयोग गरेर मतदान गर्न पाउनु हुने छ। निर्वाचन अधिकृतहरूले तपाईं मतदान गर्नका लागि योग्य हुनुहुन्छ भन्ने कुरा निर्धारण गरेका खण्डमा तपाईंको मत गणना गरिने छ।

3. **मतदान गर्ने समय सकिँदा तपाईं लाइनमै हुनु हुन्छ भने मतदान गर्ने अधिकार।**

4. **अरूले बाध्य पार्न वा कसरी मतदान गर्ने भन्ने तरिका सिकाउन आउन नपाउने गरी** गोप्य रूपमा मतपत्र खसाल्न पाउने अधिकार।

5. **तपाईंले मत खसालिसक्नुभएको छैन र तपाईंले मतपत्रमा कुनै त्रुटि गर्नुभयो भने** नयाँ मतपत्र प्राप्त गर्ने अधिकार। तपाईं निम्न कार्य गर्न सक्नुहुन्छ:
   **मतदान स्थलमा निर्वाचन अधिकृतसँग** नयाँ मतपत्र माग्नुहोस्,
   **निर्वाचन कार्यालय वा मतदान स्थलमा गई पत्राचारमार्फत मतदान गर्ने आफ्नो मतपत्र** साँटेर नयाँ मतपत्र लिनुहोस्, वा
   **अस्थायी मतपत्र प्रयोग गरी मतदान गर्नुहोस्।**

6. **आफ्नो रोजगारदाता वा युनियनको प्रतिनिधिबाहेक आफूले चाहेको अन्य जोसुकै व्यक्तिबाट** मतदान गर्दा मद्दत प्राप्त गर्ने अधिकार।

7. **मतपत्रमा विवरण भरेपछि** क्यालिफोर्नियाको कुनै पनि मतदान स्थलमा गई उक्त मतपत्र खसाल्न पाउने अधिकार।

8. **तपाईंको निर्वाचन क्षेत्रका पर्याप्त मान्छेहरूले अङ्ग्रेजीबाहेकका अन्य भाषा बोल्छन् भने** सोही भाषामा निर्वाचनसम्बन्धी जानकारीमूलक सामग्री प्राप्त गर्ने अधिकार।

9. **निर्वाचन अधिकृतसँग निर्वाचनको प्रक्रियाबारे प्रश्न सोध्न पाउने** र निर्वाचनको प्रक्रिया अवलोकन गर्न पाउने अधिकार। तपाईंले प्रश्न सोध्नुभएको अधिकारीलाई तपाईंको प्रश्नको जबाफ थाहा छैन भने उहाँले उक्त जवाफ दिन सक्ने सही व्यक्ति पठाइदिनु पर्छ। तपाईंले उहाँलाई अवरोध पुर्‍याउनुभयो भने उहाँले जबाफ नदिन पाउनुहुन्छ।

10. **निर्वाचनमा कुनै गैरकानुनी वा जालसाजीपूर्ण गतिविधि भएका खण्डमा त्यसबारे** निर्वाचन अधिकृत वा राज्य सचिवको कार्यालयमा उजुरी गर्न पाउने अधिकार।

### महत्त्वपूर्ण सूचना

- काउन्टीले प्रकाशित गरेको मतदाता जानकारी निर्देशिकामा उल्लेख गरिएको दिनको बिहान 7:00 बजेदेखि बेलुका 8:00 बजेसम्म मतदान गर्न पाइन्छ।
- अस्थायी मतपत्र कसरी खसाल्ने भन्नेलगायतका मतदान गर्ने तरिकाका बारेमा विशेष जानकारी निर्वाचन कार्यकर्ताबाट वा तपाईंलाई तपाईंको स्थानीय निर्वाचन अधिकृतले पत्राचार गर्नुभएको जानकारी पढेर प्राप्त गर्न सकिन्छ।
- तपाईं पहिलो पटक दर्ता हुनुभएको नयाँ मतदाता हुनुहुन्छ भने तपाईंसँग सङ्घीय कानुनबमोजिम परिचय वा अन्य उपयुक्त कागजात माग्न सकिन्छ। तर कागजात उपलब्ध नगराएका खण्डमा पनि हरेक व्यक्तिसँग अस्थायी मतपत्र प्रयोग गरेर मतदान गर्ने अधिकार छ भन्ने कुरा याद राख्नुहोस्।
- तपाईंले मतदान गर्नका लागि सङ्घीय कानुनबमोजिम सबै मापदण्डहरू पूरा गर्नुभएको अवस्थामा बाहेक योग्यता नपुगिकनै मतदान गर्नका लागि आफू योग्य छु भनेर प्रस्तुत गर्नु गैरकानुनी कार्य हो।
- मतदानसम्बन्धी उपकरणमा छेडछाड गर्नु गैरकानुनी कार्य मानिन्छ।

**तपाईंलाई यीमध्ये कुनै पनि अधिकारबाट आफूलाई वञ्चित गरिएको छ भन्ने लाग्छ भने** राज्य सचिवको गोप्य टोल फ्री मतदाता हटलाइन नम्बर (800) 345-VOTE (8683) मा फोन गर्नुहोस्।

वेबमा यहाँ जानुहोस्: **www.sos.ca.gov**

यो नम्बरमा फोन गर्नुहोस्: **(800) 345-VOTE (8683)**

यो इमेल ठेगानामा इमेल पठाउनुहोस्: **elections@sos.ca.gov**